# सेन्दाई सिटि नयाँ कोरोना भाइरस (COVID-19) खोप लगाउनको लागिको पोर्टल साइड

## ■खोप लगाउने बारेमा

खोप लगाउन अनिवार्य छैन खोप लगाउने व्यक्तिहरुले, खोपलगएपछिको संक्रामक रोगहरु रोक्नको लागी खोपको प्रभाव र साइड इफेक्टको जोखिम दुबैलाई बुझ्नु पर्दछ र आफ्नै इच्छामा खोप लगाउनु पर्दछ । खोप लगाउने व्यक्तिको स्वीकृति बिना खोप लगाइने छैन ।

हालमा, केहि रोगको उपचार गर्दै हुनुहुन्छ भने वा आफ्नो शारीरिक अवस्थाको कारण खोपको बारेमा चिन्तित हुनुहुन्छ भने खोप लगाउन हुन्छ कि हुदैन आफुले जाचँ गराई राखिएको डाक्टरको सल्लाह लिनुहोस ।

खोप लगाउनको लागि लक्षित व्यक्ति खोप लगाएको दिन सम्ममा सेन्दाई सिटिमा निवासी दर्ता भएका व्यक्तिभै प्रत्येक सर्तहरु पुरा गारेका व्यक्तिहरु ।

पहिलो, दोस्रोपटकको खोप लगाएको :12 बर्ष वा भन्दा माथिका व्यक्ति ।

थप खोप (बुस्टर डोज) (तेस्रोपटकको खोप) दोस्रोपटकको खोप लगाएको दिन बाट लगभग 8 महिना बितिसकेका 18 बर्ष भन्दा माथिका व्यक्तिहरु । (योग्य भएका व्यक्तिहरुलाई सेन्दाई सिटि बाट क्रमसः खोप लगाउने टिकट पठाइनेछ । दोस्रोपटकको खोप लगाए पछि सेन्दाई सिटि बाट सरुवा भएका व्यक्तिहरु आदि खोप लगाउने टिकट प्राप्त नभएको व्यक्तिहरुले कलसेन्टरमा सम्पर्क गर्नुहोला ।)

खोप लगाउन लाग्ने लागत खोप लगाउन शुल्क लाग्ने छैन ।

※खोप लगाउनको लागी पैसा माग्ने या तपाइँको निजी जानकारी माग्ने आदि अनावश्यक, शंकास्पद फोनहरु आएको खवर आइरहेको छ । यदि तपाइँहरुलाई पनि यस्ता अनावश्यक फोन आएको खण्डमा, नजिकको पुलिस चौकी वा सेन्दाई सिटिको उपभोक्ता केन्द्र (022-268-7867)मा सम्पर्क गर्नुहोस् । बृस्तितमा जानकारीको लागि उपभोक्ता केन्द्रको पेजमा हेर्नुहोस ।

खोप लगाउनुपर्ने संख्या / पटक

●पहिलो, दोस्रोपटकको खोप लगाएको

【फाइज़र कम्पनीको खोप】सामान्यतया, 1 पटक खोप लगाए पछि 3 हप्तापछि 2 पटकको खोप लगाउनु पर्दछ । 1 पटक लगाएको खोप 3 हप्ता कटेमासकेसम्म छिटो 2 पटक को खोप लगाउनुहोस ।

【ताकेदा / मोडेरुना कम्पनिको खोप】सामान्यतया, 1 पटक खोप लगाए पछि 4 हप्तापछि 2 पटकको खोप लगाउनु पर्दछ । 1 पटक लगाएको खोप 4 हप्ता कटेमा सकेसम्म छिटो 2 पटक को खोप लगाउनुहोस ।

●थप खोप (बुस्टर डोज) (तेस्रोपटकको खोप)

【थप खोप (बुस्टर डोज)】थप खोप (बुस्टर डोज) को संख्या चांही 1 पटक मात्र हो ।

## ■खोप लगाउने बारेको क्रमिकता

◎ के तपाईंले खोप लगाउने टिकट प्राप्त गर्नुभयो ?

सेन्दाई सिटि बाट खोप लगाउने टिकट प्राप्त नभएको खण्डमा, यदि हराउनुभएको खण्डमा, कल सेन्टरमा (☎0120-39-5670) सम्पर्क गर्नुहोस ।

### ① खोप लगाउने तरिकाको छनोट, बुकिंग गर्न

भ्याक्सिन लगाउने कार्यचाँही स्थानीय चिकित्सा संस्थानमा गरिने 「व्यक्तिगत खोप」र ,नागरिक केन्द्र आदि स्थानमा गरिने 「सामुदायिक खोप」 या 「ठुलोस्थरमा लगाउने खोप」मध्ये कुनैमा लगाउन सकिने छ । बुकिंग गर्ने तरिका प्रत्येक अनुसार फरक फरक छन ।

●व्यक्तिगतरुपमा खोप लगाउनको लागि सेन्दाई सिटिमा भएका होपपेजमा अस्पताल, क्लिनिक आदि



अस्पताल, क्लिनिकहरुमा बुकिंग को लागि रिसेप्सन खुल्ला गरिएको छ ।

सेन्दाई सिटिको होमपेजमा अस्पताल, क्लिनिकहरुको बुकिंग को लागि रिसेप्सन खुल्ला गरिएको दिन आदिको पुष्टी गरि, फोन आदि बाट बुकिंग गार्नुहोस ।

●सामुहिकरुपमा खोपलगाउनको लागि　　नागरिक　केन्द्र आदिको स्थान

इन्टरनेट, साथै टेलीफोन गरि बुकिंग र्नुहोस । खोप लगाउने स्थानमा पहिलोपटक, तेस्रोपटकको बुकिंग गर्न मिल्ने छैन ।

・इन्टरनेट बाटको बुकिंग

https://www.city.sendai.jp/covidvaccine/documents/manual_n.pdf

・संबन्धित कल सेन्टरमा फोनबाट बुकिंग ☎0120-39-5670~~0570-05-5670~~(8:30～19:00)

●ठुलोस्थरमा लगाउने खोप　तोहोकु विश्वविद्यालय (मियागी प्रान्त・सेन्दाई सिटि) खोप लगाउने केन्द्र (योदोबासी कामेरा मल्टिमेडिया सेन्दाई 4औं तला)

तेश्रोपटकको खोप मात्र दिइनेछ । इन्टरनेट, LINE अथवा फोन बाट बुकिंग गर्नुहोला ।

・इन्टरनेट, LINE बाट बुकिंग https://miyagi-mass-vaccination.jp/

・संबन्धित कल सेन्टरमा फोनबाट बुकिंग ☎0570-003-503(9:00～18:00)

बुकिंग गरि सकेपछि आफ्नो असुविधाको कारणले खोप लगाउन नमिल्ने भएको खण्डमा नबिर्सीकन रद्द गर्ने प्रक्रिया नगरेमा, अन्य व्यक्तिको बुकिंग रिजर्भ गर्ननपाउदै खोप रिजर्भ प्रक्रिया समाप्त हुनेछ यदि बुकिंग रद्द गर्नु परेको खण्डमा, बुकिंगको बेलामा उस्तै प्रक्रियाबाट, अवश्य पनि अग्रिम प्रक्रिया पूरा हुनुहोला ।

**② खोप लगाउने स्थलमा खोप लगाउने**

खोप लगाउने दिनमा, घरमाआफ्नो शारीरिक अवस्थाको बारेमा विचार गरेर मात्र खोप लगाउने कार्य अगाडि बढाउनुहोस । अनि,ज्वोरो आएको अवस्थामा या शरीर अस्वस्थ रहेको अवस्थामा,खोप लगाउन मिल्दैन ।

◎उक्त दिन आवस्यक पर्नेवस्तुहरू, निम्न प्रकार छन ।

◆खोप लगाउने टिकट: पहिलो, दोस्रोपटकको खोप लगाउने टिकट चांही, स्टिकर जसरि पानामा टाँसिएको छ । कृपया स्टिकर नउप्काउनुहोला ।

तेस्रोपटकको खोप लगाउने टिकट चांही प्रारम्भिक चिकित्सा जाँच फारम सँग एकैपानामा भै, बाँया पट्टिको भाग चांही खोप प्रमाणपत्रको फारमको रुपमा रहेको छ । यसलाई अलग्याउने नगर्नुहोला ।

◆आफ्नो पहिचानप्रमाणित हुने कागजात　　रेसिडेन्स कार्ड, ड्राइभिंग लाइसेन्स, स्वास्थ्य बिमा कार्डआदि

◆प्रारम्भिक चिकित्सा जाँच फारम　　खोप केन्द्रमा पनिउपलब्ध छ । अनि, प्रारम्भिक **चिकित्सा जाँच फारम** आदि बाट डाउनलोड गरेर, अग्रिम रुपमा फारम भरेर लान पनि सक्नुहुनेछ ।

※बिदेशी भाषाको संस्करण अनुबाद (स्वास्थ्य, श्रम र कल्याण मन्त्रालयको लिंक) मा हेरेर, जापानिज भाषाको प्रारम्भिक चिकित्सा जाँच फारममा भर्नुहोस् । https://www.mhlw.go.jp/stf/seisakunitsuite/bunya/vaccine_tagengo.html

※पहिलोपटकमा सकिएको खोप लगाउने टिकट चांही दोस्रोपटकको खोप लगाउने समयमा पनि आवश्यक पर्ने हुँदा, पहिलोपटकको खोप लगाएपछि पनि, जतन सँग सुरक्षित स्थानमा राख्नुहोस ।

※खोप प्रमाणपत्र चांही खोप लगाएको प्रमाणको लागि हो । जतन सँग सुरक्षित स्थानमा राख्नुहोस ।

**■साइड इफेक्ट सुरु भएको खण्डमा**

सामान्यतया, खोप लगाउए पछि चाहिं, साइडइफेक्टको कारण स्वास्थ्य जोखिम (बिरामी, अशक्तताहुने) हुन सक्छ । यो अत्यन्त दुर्लभ हो, तर यसलाई टार्न नसकिने भएकाले, स्वास्थ्य जोखिम राहत प्रणाली प्रदान गरिएको छ ।

◆मियागी प्रान्त नयाँ कोरोना भाइरस भ्याक्सिन साइडइफेक्टको लागिको परामर्श केन्द्र

☎ 050-3615-6941(8:45～17:15)

(प्रत्येक दिन) जापानीज, अंग्रेजी, चाइनीज, कोरियन, स्पेनिश, पोर्चुगिज

(कार्यालयको दिन मात्र) थाई, नेपाली, भियतनामी, रूसी, तागालोग, इन्डोनेसियन हिन्दी भाषा

खोप लगाउन सँग संबन्धित सम्पर्क, ठुलो स्थरमा लगाउने खोपको लागि बुकिंग
साइड इफेक्ट ☎ 0120-39-5670(8:30～19:00)
अंग्रेजीभाषा, चाइनिजभाषा, कोरियनभाषा, भियेतनामीभाषा, नेपाली भाषामा सोपोर्ट गरिन्छ ।
(यदि तपाइँ माथिका बाहेक अरु कुनै भाषामा सल्लाह लिन चाहनु हुन्छ भने सेन्दाई बहु साँस्कृतिक केन्द्रमा फोन गर्नुहोस् ।
फोन नम्बर:022-224-1919 बिहान ९ बजे बाट दिउसो ५ बजे सम्म)

▶खोप लगाउनको बारेमा विस्तृतरुपमा
वदेशीहरूको ला ग सपोटर् पेज https://www.city.sendai.jp/covidvaccine/gaikokujin.html

कृपया, खोप लगाएपछि पनि संक्रमण रोकथाम उपायहरूको जारी राख्नुहोस ।



「3प्रकारको परिस्थिति (धेरै भिडभाड, मन्छेको बिचको दुरी, बन्द ठाउँ हावा नछिर्ने कोठा,)」मा नजाने


मस्कको प्रयोग गर्ने



साबुन पानीले राम्रोसँग हात धुने, हातको सबै भागमा अल्कोहलकोप्रयोग गर्ने

बिषय सामग्री परिवर्तन हुन पनि सक्छन। नयाँ जानकारी, सेन्दाई सिटि नयाँ कोरोना भाइरस खोप पोर्टल साइडमा हर्नुहोला ।